निर्णय प्रमाणित
कृष्णहरी पौडेल
प्रमुख प्रशासकिय अधिकृत

# मिति २०७५/१/७ गते शुक्रवारका दिन बसेको दुप्चेश्वर गाउँ कार्यपालिकाको २०औं बैठकले गरेका निर्णयहरु

निर्णयहरु:

१. प्रस्ताव नं १ को सम्बन्धमा छलफल गर्दा मन्त्रालयबाट नमूनाको रुपमा उपलब्ध गराइएकादेहायका कानूनहरु पारित गर्ने निर्णय गरियो:-

क) शिक्षा नियमावली, २०७५

ख) दुप्चेश्वर गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्नेसम्बन्धी कार्यविधी, २०७५

२. प्रस्ताव नं २ को सम्बन्धमा छलफल गर्दा दुप्चेश्वर गाउँपालिकाभित्र नयाँ निर्माण गर्नुपर्ने झोलुङ्गे पुलहरुको माग सूची वडा कार्यालयबाट संकलन गरी सम्बन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ को सम्बन्धमा छलफल गर्दा दुप्चेश्वर गाउँपालिकाको पर्यटन विकासको सन्दर्भमा गाउँपालिकाको बृत्तचित्र सार्वजनिक गर्ने कार्यक्रमको लागि चालु बजेटतर्फको अवलोकन कार्यक्रमबाट रु. ७५,०००/- रकमान्तर गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ को सम्बन्धमा छलफल गर्दा टेलिकम घर गोल्फुभञ्याङ निर्माणको लागि वडा कार्यालय भवन निर्माण तर्फ (वडा नं १, ३ र ५) को १/१ लाख रुपैया रकमान्तर गरी जम्मा ३,००,०००/- (तीन लाख) थप गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ४ को सम्बन्धमा छलफल गर्दा दुवैपक्षबाट प्राप्त निवेदनमाथि विचार विमर्श गर्दा तादी खोलाको पानी बाँडफाँडको विषयमा दुवै पक्षबीच सहमती गर्ने र दुप्चेश्वर मन्दिरको संरक्षणको लागि परियोजनाले उल्लेख्य सहयोग र सहभागिता सुनिश्चित गर्ने शर्तको अधीनमा रही उक्त परियोजना सञ्चालनको स्वीकृति दिने विषयमा गाउँपालिकाको सकरात्मक अवधारणा रहेको जानकारी दुवै पक्षलाई गराउने निर्णय गरियो।

उक्त बैठकमा वडा नं ६ र ७ का वडाध्यक्षद्वय क्रमशः किशोर आचार्य र भेष बहादुर सिटौलाले देहायानुसारको फरक मत राख्नुभएको व्यहोरा समेत प्रमाणित गरिन्छ।

"निर्णय नं ५ मा दुप्चेश्वर मन्दिर परिसर अगाडी तादी खोलाको १ कि.मी. बहाव कायम रहने गरी आयोजना सञ्चालन गर्न उपयुक्त देखिन्छ।"

निर्णय प्रमाणित

कृष्णहरी पौडेल
प्रमुख प्रशासकिय अधिकृत